# इनरुवा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः१ संख्याः११ मितिः२०८१।०३।२६

## भाग-१

## इनरुवा नगरपालिका, सुनसरी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी इनरुवा नगरपालिकाबाट सर्वसाधारणको जानकारीको लागि यो राजपत्र प्रकाशन गरिएको छ।

संवत २०८१ सालको ऐन नं. ३

**इनरुवा नगरपालिकाको शिक्षा (प्रथम संशोधन) ऐन, २०८१**

नगर सभाबाट स्वीकृत मितिः २०८१।०३।२५

प्रमाणीकरण मितिः २०८१।०३।२५ गते

**<u>प्रस्तावनाः</u>** इनरुवा नगरपालिकाको शिक्षा ऐन, २०८० लाई संशोधन गर्न वान्छनिय भएकोले इनरुवा नगरपालिकाको नगरसभाले यो ऐन वनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः-</u>** (१) यो ऐनको नाम "इनरुवा नगरपालिकाको शिक्षा (प्रथम संशोधन) ऐन, २०८१ रहेको छ ।

(२) यो ऐन राजपत्रमा प्रकाशन भएको मिति देखी लागू हुनेछ ।

२. मुल ऐनको दफा ५५(ग)१ मा रहेको "मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर तह वा सो सरह उतिर्ण गरेको" भन्ने स्थानमा तपसिल वमोजिम

५५(ग)१ "मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर तह वा सो सरह उतिर्ण गरी सम्बन्धित तहको शिक्षक पदमा कम्तिमा ५ बर्ष स्थायी सेवा गरेको वा स्नातक तह उत्तीर्ण गरी माध्यमिक तहमा दश वर्ष स्थायी सेवा गरेको हुनु पर्नेछ" राखिएको छ ।

३. मुल ऐनको दफा ५५(ग)४ हटाइएको ।

४. मुल ऐनको दफा ५७(९) (२) मा रहेको "सामाजिक विकास शाखा प्रमुख"को स्थानमा

"सामान्य प्रशासन शाखा प्रमुख" राखिएको

५. मुल ऐनको दफा (५७) (१०)(क) मा रहेको "प्रधानाध्यापक छनौट मूल्याङ्कन समिति गठनको लागि विज्ञको रोष्टर तयार गरी स्वीकृतिका लागि शिक्षा समितिमा पेश गर्ने"

को स्थानमा “प्रधानाध्यापक छनौट मूल्याङ्कन समिति गठनको लागि विज्ञको रोष्टर शिक्षा शाखावाट तयार गरी स्वीकृतिका लागि नगर कार्यपालिकामा पेश गर्ने” राखिएको ।

६. मुल ऐनको दफा ५९ को उपदफा (१) मा रहेको “प्रधानाध्यापक छनौट मूल्याङ्कन समितिले यस ऐनको दफा ५६ को उपदफा १ ,२,३ र ४ तथा प्रधानाध्यापक छनौट सहजीकरण समितिले ऐ. दफाको खण्ड-क बमोजिम मूल्याङ्कन तथा अङ्कन गरी सो बमोजिम तयार भएको अन्तिम एकमुष्ट योग्यताक्रम सहितको सिफारिस कार्यपालिकाले स्वीकृत गरेपछि शिक्षा शाखा प्रमुखले ति उम्मेदवारहरुलाई प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ” को स्थानमा

५९(१) “प्रधानाध्यापक छनौट मूल्याङ्कन समितिले यस ऐनको दफा ५६ को उपदफा १ ,२,३ र ४ तथा प्रधानाध्यापक छनौट सहजीकरण समितिले ऐ. दफाको खण्ड-क बमोजिम मूल्याङ्कन तथा अङ्कन गरी सो बमोजिम तयार भएको अन्तिम एकमुष्ट योग्यताक्रम सहितको सिफारिस कार्यपालिकाले स्वीकृत गरेपछि नगर कार्यपालिकाको कार्यालयले ति उम्मेदवारहरुलाई प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ” राखिएको छ ।

७. दफा ६५ को उपदफा ११ मा रहेको “विद्यालयमा कुनै कारणबस शिक्षक पद रित्त रहेमा उक्त पद पूर्तिका लागि नेपाल सरकारको ससर्त अनुदानबाट तलब भत्ता खाने भएमा शिक्षा शाखाको सिफारिसमा सम्बन्धित शिक्षा विकास तथा समन्वय

इकाइबाट शिक्षक छनौट र नियुक्तिका लागि अनुमति लिनुपर्ने छ ।“ को स्थानमा

“विद्यालयमा कुनै कारणबस शिक्षक पद रिक्त रहेमा उक्त पद पूर्तिका लागि नेपाल सरकारको ससर्त अनुदानबाट तलब भत्ता खाने भएमा माध्यमिक तहको हकमा शिक्षा शाखाको सिफारिसमा सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइबाट शिक्षक छनौट र नियुक्तिका लागि अनुमति लिनुपर्ने छ त्यस्तै आधारभुत तह, वालविकास शिक्षक, सामुदायिक सिकाई केन्द्रका परिचालिका र विद्यालय कर्मचारीका हकमा नगर कार्यपालिकाको कार्यालयवाट छनौट र नियुक्तिका लागि अनुमति लिनुपर्ने छ ।” राखिएको छ ।

८. मुल ऐनको दफा ७३ को उपदफा ५ मा रहेको “शिक्षा शाखाले निर्धारण गरेको पाठ्यक्रममा विज्ञहरुको प्रयोग गरी प्रश्नपत्र निर्माण गरी सुरक्षित राख्नुपर्नेछ । परीक्षा (सेट) हुने दिन छनौट समितिको अध्यक्षबाट गोलाप्रथा गरी कुनै एक सेट छान्न लगाई परीक्षा सञ्चालन गर्नुपर्ने छ” को स्थानमा

७३(५) “नगर शिक्षा समितिले निर्धारण गरेको पाठ्यक्रममा विज्ञहरुको प्रयोग गरी प्रश्नपत्र (सेट) निर्माण गरी सुरक्षित राख्नुपर्नेछ । परीक्षा हुने दिन छनौट समितिको अध्यक्षबाट गोलाप्रथा गरी कुनै एक सेट छान्न लगाई परीक्षा सञ्चालन गर्नुपर्ने छ” राखिएको छ ।

९. मुल ऐनको दफा ७५(५) मा रहेको “शिक्षा शाखाले निर्धारण गरेको पाठ्यक्रममा विज्ञहरुको प्रयोग गरी प्रश्नपत्र (सेट) निर्माण गरी सुरक्षित राख्नुपर्नेछ । परीक्षा हुने दिन करार शिक्षक छनौट समितिको अध्यक्षबाट गोलाप्रथा गरी कुनै एक सेट छान्न लगाई

परीक्षा सञ्चालन गर्नुपर्ने छ ।लिखित परीक्षाको कूल पूर्णाङ्क १०० हुनेछ (जसमध्ये बहुवैकल्पिक २० र विषयगत ८० अङ्क) भने उत्तीर्ण ४० अङ्कको हुने छ।“ को स्थानमा

७५(५) “नगर शिक्षा समितिले निर्धारण गरेको पाठ्यक्रममा विज्ञहरुको प्रयोग गरी प्रश्नपत्र (सेट) निर्माण गरी सुरक्षित राख्नुपर्नेछ । परीक्षा हुने दिन करार शिक्षक छनौट समितिको अध्यक्षबाट गोलाप्रथा गरी कुनै एक सेट छान्न लगाई परीक्षा सञ्चालन गर्नुपर्ने छ ।लिखित परीक्षाको कूल पूर्णाङ्क १०० हुनेछ (जसमध्ये बहुवैकल्पिक २० र विषयगत ८० अङ्क) भने उत्तीर्ण ४० अङ्कको हुने छ।” राखिएको छ ।

**१०.** मुल ऐनको दफा ७७ को उपदफा ३ मा रहेको “शिक्षा शाखाले निर्धारण गरेको पाठ्यक्रममा विज्ञहरुको प्रयोग गरी प्रश्नपत्र (सेट) निर्माण गरी सुरक्षित राख्नुपर्नेछ । परीक्षा हुने दिन परिचालक छनौट समितिको अध्यक्षबाट गो लाप्रथा गरी कुनै एक सेट छान्न लगाई परीक्षा सञ्चालन गर्नुपर्ने छ” को स्थानमा

७७(३) “नगर शिक्षा समितिले निर्धारण गरेको पाठ्यक्रममा विज्ञहरुको प्रयोग गरी प्रश्नपत्र (सेट) निर्माण गरी सुरक्षित राख्नुपर्नेछ । परीक्षा हुने दिन परिचालक छनौट समितिको अध्यक्षबाट गोलाप्रथा गरी कुनै एक सेट छान्न लगाई परीक्षा सञ्चालन गर्नुपर्ने छ” राखिएको छ ।

<u>आज्ञाले</u>

डिल्ली राज निरौला

प्रमुख प्रशासकीय अधिकृत